# रोभिङ्ग अ.न.मी. कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना** : आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा उपभोगदर कम रहेको प्रदेशका दुर्गम तथा ग्रामीण क्षेत्रमा, विशेषगरी सीमान्तकृत, लोपोन्मुख तथा अल्पसंख्यक समुदायहरुमा स्वास्थ्य, सरसफाई र पोषण प्रवर्द्धन, किशोरकिशोरी लगायतमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गरी परिवार नियोजन, सुरक्षित मातृत्व, खोप जस्ता आधारभूत स्वास्थ्य सेवाको उपभोग दर बढाई समुदायको स्वास्थ्य अवस्थामा सुधार तथा जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरीएको रोभिङ्ग अ.न.मी. कार्यक्रमलाई निरन्तरताको लागी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** : (१) यस कार्यविधिको नाम "रोभिङ्ग अ.न.मी. कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ मा छनौट गरेका अनुसूची-१ बमोजिमको अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत र सुविधाबाट बन्चित समूहहरु मध्ये कम्तिमा एक समुदायको बसोबास भएको र स्वास्थ्य सेवाको उपलब्धता र उपभोग दर कम भएको प्रदेश भित्रका अनुसूची-२ बमोजिमको दश वटा स्थानीय तहमा कार्यक्रम लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत र सुविधाबाट बन्चित" भन्नाले अनुसूचि-१ बमोजिमका समूह सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले रोभिङ्ग अ.न.मी. कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "रोभिङ्ग अ.न.मी." भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेको र दफा ८ को उपदफा (२) बमोजिम नियुक्त गरीएको रोभिङ्ग अ.न.मी. सम्झनु पर्छ ।

(च) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले रोभिङ्ग अ.न.मी. कार्यरत वडामा अवस्थित स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा प्राथमिक अस्पताल सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको छनौट समिति सम्झनुपर्छ।

निमित्त सचिव

३. **कार्यक्रम सञ्चालनको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत र सुविधाबाट बञ्चित समुदायहरुमा स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी सकारात्मक ज्ञान र धारणाको विकास गर्न,

(ख) घरदैलोमा गई परिवार नियोजन, सुरक्षित मातृत्व तथा यौन र प्रजनन स्वास्थ्य सेवाको पहुँच तथा उपभोगदर वृद्धि गर्न,

(ग) स्वास्थ्य शिक्षा तथा सूचना प्रदान गर्न,

(घ) अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत र सुविधाबाट बन्चित समुदायहरुमा स्वास्थ्य सेवाको पहुँच र सहभागीता वृद्धि गर्न । ।

४. **कार्यक्रम सञ्चालन र व्यवस्थापन** : (१) अनुसूची-२ बमोजिमको स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित जिल्लामा रहेका स्वास्थ्य कार्यालयसँग समन्वय गर्न सक्नेछ।

(२) आ. व.२०७५/७६ मा छनौट गरीएको रोभिङ्ग अ.न.मी.हरुलाई सम्बन्धित स्थानीय तहले एक वर्ष सेवा करार अवधि थप गर्न सक्नेछ ।

(३) स्थानीय तहले देहायका आधारमा कार्यक्रम सञ्चालन गरीने बढीमा २ वटा वडाहरु छनौट गरी रोभिङ्ग अ.न.मी.लाई सम्बन्धित वडामा काम गर्न खटाउनेछ :-

(क) स्थानीय तहभित्र अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत वा सुविधाबाट बन्चित समूहको बाक्लो बस्ति भएको वडा पहिचान गर्ने,

(ख) त्यस्ता समुदायहरुमा स्वास्थ्य सेवाको उपलब्धता तथा उपभोग दरको आधारमा रोभिङ्ग अ.न.मी. को आवश्यकता पहिचान गर्ने,

(४)आ.व.२०७५/७६ मा छनौट भएका वडालाई निरन्तरता दिने वा आवश्यकता अनुसार नयाँ वडाहरु छान्ने निर्णय स्थानीय तहमा निहित रहनेछ ।।

(५) रोभिङ्ग अ.न.मी.ले सञ्चालन गर्नु पर्ने क्रियाकलापहरुको मासिक तालिका बनाउनका लागी मार्गनिर्देशन गर्ने, रोभिङ्ग अ.न.मी.ले गरेका कामको निगरानी, अनुगमन गर्ने एवं सो को अभिलेख चुस्त दुरुस्त राख्ने र रोभिङ्ग अ.न.मी.को प्रतिवेदन तथा कार्यक्रम सञ्चालनका लागी आवश्यक औषधीको व्यवस्थापन सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाले गर्नु पर्नेछ।

५. **रोभिङ्ग अ. न. मी. को योग्यता** : रोभिङ्ग अ. न. मी. पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरीक ।

(ख) नेपाल सरकारवाट मान्यता प्राप्त संस्थाबाट अ.न.मी कोर्ष उत्तिर्ण गरेको ।

(ग) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

(घ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।

निमित्त सचिव

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

६. <u>रोभिङ्ग अ.न.मी.को छनौट प्रकृया</u> : (१) रोभिङ्ग अ.न.मी. छनौट गर्नु पर्दा दफा ५ बमोजिमको योग्यता भएको व्यक्तिहरुबाट अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्त माग गर्न, सम्बन्धित स्थानीय तहले कम्तीमा सात दिनको सूचना सम्बन्धित स्थानीय तहको वेभसाईटमा राखे तथा सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ।

(२) दफा ५ बमोजिम योग्यता पुगेका उम्मेदवारले अनुसूची-४ बमोजिमको दरखास्त सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका दरखास्तहरु देहायको आधारमा पूर्णाङ्क पचास हुने गरी दफा ७ को उपदफा (१) बमोजिमको समितिले मूल्याङ्कन गरी सम्वन्धित स्थानीय तहमा सिफारिस गरी पठाउनु पर्नेछः-

(क) शैक्षिक योग्यताको श्रेणी वापत (अधिकतम १५ अङ्क)
- (१) विशिष्ठ श्रेणी १५ अङ्क
- (२) प्रथम श्रेणी १४ अङ्क
- (३) द्वितीय श्रेणी १२ अङ्क,
- (४) तृतीय श्रेणी ११ अङ्क

(ख) कार्य अनुभव वापत अधिकतम ५ अङ्क (प्रमाणित कागजातको आधारमा प्रति वर्ष १ अंकको दरले अंक दिनु पर्नेछ )

(ग) भौगोलिक आधारमा देहाय बमोजिम अधिकतम ५ अङ्क दिइनेछः-
- (१) सम्बन्धित गाउँपालिका/नगरपालिकाको बासिन्दा भएमा - ५ अङ्क
- (२) सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ३ अङ्क
- (३) सम्बन्धित जिल्लाभन्दा बाहिरको बासिन्दा भएमा - २ अङ्क

(घ) अनुसूची-१ बमोजिमका अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत र सीमान्तकृत समुदायका उम्मेदवारलाई ५ अङ्क दिनु पर्नेछ । यस अनुसार अङ्क दिनको लागी सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपि संलग्न भएको हुनु पर्दछ ।

(ङ) अन्तवार्तामा -२० अङ्क

<u>स्पष्टिकरण</u>: अन्तवार्तामा अङ्क प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही अङ्क प्रदान गर्नु पर्नेछ ।यसरी समितिको सदस्यले अङ्क प्रदान गर्दा छुट्टा-छुट्टै अङ्क प्रदान गरी औषत निकाली अङ्क गणना गर्नु पर्नेछ।



समिति सचिव

७. <u>छनौट समिति</u> : (१) रोभिङ्ग अ.न.मी.को लागी माग गरीएको पद संख्याका आधारमा दफा ५ बमोजिम योग्यता पुगेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न तथा दफा ६ को उपदफा (३) को आधारमा मुल्याङ्कन गर्न र अन्तर्वार्ता समेत लिई नियुक्तिका लागी सिफारिस गर्न सम्बन्धित स्थानीय तहमा देहायको एक छनौट समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयले तोकेको अधिकृत कर्मचारी -सदस्य

(ग) शाखा प्रमुख(स्वास्थ्य हेर्ने), सम्बन्धित स्थानीय तह -सदस्य-सचिव

(२) समितिको संयोजकले अन्तरवार्ता प्रयोजनको लागी सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) दफा ६ को उपदफा (३) बमोजिम सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई छनौट समितिले सम्बन्धित स्थानीय तहमा नियुक्तिको लागी सिफारिस गर्नु पर्नेछ र सोको जानकारी मन्त्रालयमा सात दिन भित्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा सम्बन्धित स्थानीय तह अनुसारको सिफारिस हुने संख्याको दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गरी सिफारिस भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा बैकल्पिक उम्मेदवारको सूची प्रकाशन नगर्न बाधा पर्ने छैन ।

(५) उपदफा (३) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारहरुलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको छनौट समितिबाट सिफारिस भई नियुक्त गरीएको रोभिङ्ग अ.न.मी.को पद कुनै कारणले रिक्त भएको अवस्थामा सम्बन्धित स्थानीय तहकै बैकल्पिक उम्मेदवारको योग्यताक्रमबाट क्रमश पदपुर्ति गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस गर्न सम्बन्धित स्थानीय तहमा कुनै पनि बैकल्पिक उम्मेदवार नभएमा सम्बन्धित स्थानीय तहले दफा ६ बमोजिमको प्रक्रिया पुरा गरी पदपुर्ति गर्नु पर्नेछ।

८. <u>करार सम्झौताः</u> (१) दफा ७ को उपदफा (३) बमोजिम नियुक्तिको लागी सिफारिस भएका उम्मेदवारलाई करार सम्झौता गर्न सम्बन्धित स्थानीय तहले सात दिनको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारहरुसँग सम्वन्धित स्थानीय तहले अनुसूची-५ बमोजिमको ढाँचामा करार सम्झौता गरी अनुसूची-६ बमोजिमको कार्य-विवरणसहित अनुसूची-७ बमोजिम नियुक्ति पत्र उपलब्ध गराउनु पर्नेछ।



निमित्त सचिव

(३) यस कार्यविधि बमोजिम करार सम्झौता गर्दा एक आर्थिक वर्षको असार मसान्त सम्मको लागी मात्र करार गर्नु पर्नेछ।

(४) एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको रोभिङ्ग अ.न.मी. को कार्यसम्पादन सन्तोषजनक भएमा सम्बन्धित स्थानीय तहले पुन: अर्को आर्थिक वर्षको लागी म्याद थप गरी करार सम्झौता गर्न सक्नेछ। सम्बन्धित स्थानीय तहले यसरी म्याद थप गरेको सूचना सात दिनभित्र मन्त्रालयलाई दिनुपर्नेछ।

९. <u>रोभिङ्ग अ.न.मी. सम्बन्धी अन्य व्यवस्था</u> : (१) रोभिङ्ग अ.न.मी.को काम, कर्तव्य र अधिकार अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न नियुक्त भएका रोभिङ्ग अ.न.मी.को मासिक पारिश्रमिक स्वास्थ्य सेवाको चौथो तहका कर्मचारीले पाउने प्रचलित शुरु तलब स्केल बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारले तोके बमोजिमको स्थानीय भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) स्थानीय तहले सशर्त अनुदान वापत यस कार्यक्रमको लागी प्राप्त बजेटबाट रोभिङ्ग अ.न.मी. को पारिश्रमिक भुक्तानी गर्नुपर्नेछ।त्यसरी तलब भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण अनुसूची-८(क), अनुसूची-८(ख) बमोजिमको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित स्थानीय तहको स्वास्थ्य प्रमुखको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ।साथै सोहि बजेटबाट कार्यक्रमलाई आवश्यक सामाग्री खरिदको व्यवस्था गर्नुपर्नेछ ।

(४) आ. व. २०७५/७६ मा कार्यक्रम सञ्चालनका लागी स्वास्थ्य कार्यालय मार्फत प्राप्त अनुसूची-९ बमोजिम आवश्यक सामग्री उपयोग गर्नुपर्नेछ । अन्य आवश्यक औषधि तथा औषधिजन्य सामग्रीको व्यवस्थापन स्थानीय स्वास्थ्य संस्थाले गर्नुपर्नेछ ।

(५) यस कार्यविधि बमोजिम रोभिङ्ग अ.न.मी.ले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागी कुनै पनि दाबी गर्न पाउने छैन ।

१०. <u>करार अन्त्य</u>: रोभिङ्ग अ.न.मी.को कार्य सन्तोषजनक नभएको भनी सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाले सिफारिस गरेमा सम्बन्धित स्थानीय तहले आवश्यक छानविन गरी त्यस्तो करार सम्झौता जुनसुकै समयमा भङ्ग गरी निजलाई सेवा करारबाट हटाउन सक्नेछ।

तर,

(क) आ.व. २०७५/७६ मा नियुक्त भएका रोभिङ्ग अ.न.मी.को हकमा त्यसरी करार सम्झौता भङ्ग गर्नु अघि सम्बन्धित स्थानीय तहले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(ख) रोभिङ्ग अ.न.मी.को करार सम्झौता भङ्ग गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।



निमित्त सचिव

११. <u>अभिलेखिकरण, अनुगमन, मुल्याङ्कन र सुपरिवेक्षण</u>: (१) रोभिङ्ग अ.न.मी.ले आफूले सम्पादन गरेको कार्यको अभिलेख अनुसूची-१० बमोजिमको रजिष्टरमा राख्नु पर्नेछ र अनुसूची-८(क), अनुसूची-८(ख) बमोजिम स्थानीय स्वास्थ्य संस्था र स्थानीय तहको स्वास्थ्य शाखालाई नियमित रुपमा अर्को महिनाको पन्ध्र गते भित्रमा प्रतिवेदन गर्नुपर्नेछ। साथै स्थानीय तहले चौमासिक रुपमा मन्त्रालयलाई रोभिंग अ.न.मी. कार्यक्रमको प्रतिवेदन अनुसूची ८(ख) बमोजिम गर्नुपर्नेछ ।

(२) रोभिङ्ग अ.न.मी.हरुले गरेका कार्यहरुको प्रतिवेदन मन्त्रालयले बार्षिक रुपमा प्रकाशन गर्न सक्नेछ ।

(३) यसरी सम्पादित कामहरूको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह, तथा मन्त्रालयले गर्नु पर्नेछ ।

१२. <u>कार्यक्रम बिस्तार गर्न सक्ने</u>: मन्त्रालयले प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम बमोजिम रोभिङ्ग अ. न. मी. कार्यक्रमलाई प्रदेश भित्रका अन्य स्थानीय तहमा आवश्यकता अनुसार विस्तार गरी थप गर्न सक्नेछ।

१३. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

१४. <u>खारेजी र बचाउ</u>: (१) रोभिङ्ग अ.न.मी. कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरीएको छ।

(२) रोभिङ्ग अ.न.मी. कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ वमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

मित सचिव

## अनुसूची-१

(दफा १ को उपदफा (३) र दफा ६ को उपदफा (३) को खण्ड (घ) सँग सम्बन्धित)

(क) अल्पसंख्यक जाति

| क्र. सं. | जनजाति | क्र. सं. | जनजाति | क्र. सं. | जनजाति | क्र. सं. | जनजाति |
|---|---|---|---|---|---|---|---|
| १ | कलवार | २६ | मारवाडी | ५१ | कोरी | ७६ | मेवाहाङ वाला |
| २ | कानु | २७ | कायस्थ | ५२ | छन्त्याल | ७७ | बाहिङ |
| ३ | कुमाल | २८ | राजपुत | ५३ | ह्योल्मो | ७८ | नतुवा |
| ४ | घर्ती/भुजेल | २९ | वादी | ५४ | बोटे | ७९ | हायु |
| ५ | हजाम/ठाकुर | ३० | झाँगड/धागर | ५५ | राजभर | ८० | धन्कार/धरिकार |
| ६ | राजवंशी | ३१ | गनगाई | ५६ | ब्रम्हु+बमारो | ८१ | ल्होपा |
| ७ | शेर्पा | ३२ | लोध | ५७ | पन्जाबी+सिख | ८२ | मुण्डा |
| ८ | धोबी | ३३ | बढई | ५८ | नाछिरिङ | ८३ | देव |
| ९ | तत्मा/तत्वा | ३४ | थामी | ५९ | याम्फु | ८४ | ढाँडी |
| १० | लोहार | ३५ | कुलुङ | ६० | गाइने | ८५ | कमर |
| ११ | खत्वे | ३६ | बंगाली | ६१ | चाम्लिङ | ८६ | किसान |
| १२ | सुढी | ३७ | गडेरी/भेदियार | ६२ | आठपहरिया | ८७ | साङपाङ |
| १३ | दनुवार | ३८ | धिमाल | ६३ | जिरेल | ८८ | कोचे |
| १४ | हलुवाइ | ३९ | याख्खा | ६४ | दुरा | ८९ | ल्होमी |
| १५ | माझी | ४० | घले | ६५ | सरवरिया | ९० | खालिङ |
| १६ | बरई | ४१ | ताजपुरिया | ६६ | मेचे | ९१ | तोप्केगोला |
| १७ | बिन | ४२ | खवास | ६७ | वान्तवा | ९२ | चिडिमार |
| १८ | नुनीया | ४३ | दराइ | ६८ | राजी | ९३ | वालुङ |
| १९ | चेपांग/प्रजा | ४४ | माली | ६९ | डोल्पी | ९४ | लोहोरुङ |
| २० | सोनार | ४५ | धुनीय | ७० | हलखोर | ९५ | कलार |
| २१ | कम्हार | ४६ | पहरी | ७१ | ब्यासी-सौका | ९६ | राउटे |
| २२ | सुनुवार | ४७ | रजधोव | ७२ | अमात | ९७ | नुराङ |
| २३ | बाँतर/सरदार | ४८ | भोटे | ७३ | युलुङ | ९८ | कुसुण्डा |
| २४ | कहर | ४९ | डोम | ७४ | लेप्चा | | |
| २५ | सतार/सन्थाल | ५० | थकाली | ७५ | पथार्कत्ता/कुशवाडीया | | |

श्रोत: नेपाल राजपत्र, भाग ५, खण्ड ६७, संख्या ५२, मिति :२०७४/१०/८

निमित्त सचिव

(ख) आदिवासी जनजाति सूची

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

- **लोपोन्मुख समूह:** कुसुण्डा, वनकरिया, राउटे, सुरेल हायू, राजी, किसान, लाप्चे, मेचे, कुशवाडीया (१०)
- **अति सिमान्तकृत समूह:** माझी, सियार, ल्होमी(सिङ्सावा), थुदाम, धानुक, चेपाङ, सतार(सन्थाल), झागड, थामी, बोटे, दनुवार, बरामू (१२)
- **सिमान्तकृत समूह:** सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गनगाई, धिमाल, भोटे, दराई, पहरी, ताप्केगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ, ताजपुरीया, फ्री (२०)
- **सुविधाबाट बन्चित समूह:** थाङ्वे, तीनगाॅउले थकाली, बाह्रगाॅउले थकाली, गुरुङ, मगर, राई, लिम्बु, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, ह्योल्मो, मार्फाली थकाली, छैरोतन (१५)

श्रोतः आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

मिति सचिव

अनुसूची-२

(दफा १ को उपदफा (३) र दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन हुने स्थानीय तह

| क्र.सं. | जिल्ला | छनौट भएको स्थानीय तह |
|---|---|---|
| १ | चितवन | राप्ती नगरपालिका |
| २ | सिन्धुपाल्चोक | पाँचपोखरी थाङ्पाल गाउँपालिका |
| ३ | रामेछाप | उमाकुन्ड गाउँपालिका |
| ४ | धादिंग | खनियाबाँस गाउँपालिका |
| ५ | रसुवा | आमाछोदिङमो गाउँपालिका |
| ६ | दोलखा | बिगु गाउँपालिका |
| ७ | काभ्रेपलान्चोक | पाँचखाल नगरपालिका |
| ८ | सिन्धुली | हरिहरपुरगढी गाउँपालिका |
| ९ | मकवानपुर | मकवानपुरगढी गाउँपालिका |
| १० | नुवाकोट | लिखु गाउँपालिका |

निमित्त सचिव

अनुसूची -३
(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

स्थानीय सरकार
............ गाउँपालिका/ नगरपालिका

## सूचनाको ढाँचा

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७ / / )

सामाजिक विकास मन्त्रालयको आ.व. ....... को स्वीकृत "रोभिङ्ग अ.न.मी. कार्यक्रम " अन्तर्गत यस स्थानीय तहमा देहायको योग्यता भएको व्यक्ति रोभिङ्ग अ.न.मी. को रुपमा देहायको संख्यामा करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागी यो सूचना प्रकाशन गरीएको छ। दरखास्त फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट ........... बाट उपलब्ध हुनेछ ।

| स्थानीय तहको नाम | जिल्ला | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |

**१.शैक्षिक योग्यता र अनुभव :**

(च) नेपाली नागरीक ।

(छ) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त संस्थाबाट अ.न.मी कोर्ष उत्तिर्ण गरेको।

(ज) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

(झ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।

(ञ) स्थानीय उम्मेदवार, अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत र अति सीमान्तकृत समुदाय र स्वास्थ्य क्षेत्रको सम्बन्धित पदमा अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।

(ट) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**२.दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, विबाहित भए विबाह प्रमाणपत्रको प्रतिलिपि, कार्य अनभव भए अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । साथै अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत र अति सीमान्तकृत समुदाय अन्तर्गत पर्ने भए सम्बन्धित निकायबाट प्रमाणित प्रमाणपत्रको प्रतिलिपी । पेश गरीने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**३.छनौट गर्ने आधारः** शैक्षिक योग्यता, स्थानीयता, कार्य अनुभव, तोकिएको अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत र अति सीमान्तकृत समुदाय भए वापतको अङ्क र अन्तर्वाता।

निमित्त सचिव

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |

अनुसूची - [illegible]

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**करारको लागी दरखास्त फारमको ढाँचा**

(क) दरखास्त बुझाएको स्थान:

............. गाउँपालिका/ नगरपालिका

(ख) पद : रोभिङ्ग अ.न.मी.

(ग) वैयक्तिक विवरण:

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरीकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |

| | | | |
|---|---|---|---|
| जन्म मिति (वि.सं. मा): | | | हालको उमेर : वर्ष महिना |
| दरखास्त दिएको स्थानीय तहको नाम: | | | अल्पसंख्यक/लोपोन्मुख/सीमान्तकृत/अति सीमान्तकृत भए (tick and specify) ...................... |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा. | ग) वडा नं |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल: |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर : |

(घ) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागी चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ङ) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागी अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |

| | | |
|---|---|---|
| मन्त्रालय/कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।(१) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, (२)समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, (४)सम्बन्धित काउन्सिलको प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, (५)अनुभव प्रमाणपत्र, (६)सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु (जस्तै विवाह दर्ता आदी), (७)अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत वा अति सीमान्तकृत भए सो समुदाय भनेर सम्बन्धित निकायबाट प्रमाणित प्रमाणपत्र प्रतिलिपी ।

निमित्त सचिव

अनुसूची-५

(दफा ८ को उपदफा (२) संग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

.......... गाँउपालिका/नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, ...................नगरपालिका/गाउँपालिका, वडा नं......बस्ने श्री ...................................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच रोभिङ्ग अ.न.मी. कार्यक्रम अन्तरगत रोभिङ्ग अ.न.मी. पदमा कामकाज गर्न, गराउन मिति २०७... /......./...... को निर्णय अनुसार देहायका कार्यशर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा** : पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई दोश्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ । तर दोश्रो पक्षले स्वास्थ्य संस्थाबाट कुनै पनि क्लिनिकल सेवा दिन पाउने छैन।

२. काम गर्नु पर्ने स्थान : ..............................................।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिक** : प्रत्येक महिना व्यतित भएपछि सम्बन्धित स्थानीय तहले दोश्रो पक्षलाई मासिक रुपमा स्वास्थ्य सेवाको चौंथो तहले पाउने शुरु तलब स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोस्रो पक्षले स्वास्थ्य सेवा ऐन, नियम लगायत प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासनको पूर्ण पालना गर्नुपर्नेछ । दोस्रो पक्षले तोकिएको आचरण तथा अनुशासनको पूर्ण पालना नगरेको पाइएमा सफाईको मौका दिई पहिलो पक्षले जुनसुकै वेला करार भङ्ग गर्न सक्नेछ।

५. **विदाः** दोश्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोश्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोश्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोश्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

८. **करार अवधिः** यो करार २०७... ।........।..........देखि लागू भई २०७.....असार मसान्त सम्मको लागी हुनेछ ।

निमित्त सचिव

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोश्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ८ को उपदफा (४) बमोजिम करार अवधि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई सात दिनसम्म तोकिएको सेवा उपलब्ध नगराएमा, अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरीनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता सम्बन्धित स्थानीय तहले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागी दाबी गर्न पाउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| ........ गाउँपालिका/नगरपालिकाको तर्फबाट : | दोश्रो पक्ष (करार गर्ने व्यक्ति): |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | |

प्रमाणित सचिव

**अनुसूची ६**
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)
**कार्यविवरणको ढाँचा**

कर्मचारीको पद नामः रोभिङ्ग अ.न.मी.
कर्मचारीको नामः
सुपरिवेक्षकः स्थानीय स्वास्थ्य संस्था इन्चार्ज

काम गर्नुपर्ने स्थानीय तहः
न्यूनतम योग्यताः अ.न.मी. तह उत्तिर्ण
प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

**कार्य विवरणः**

(क) प्रत्येक महिना अ.न.मी.ले महिनाभरी कुन कुन ठाउँमा घरभेट वा समूह कार्यहरुमा जाने हो, सो को विवरण स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरेर अग्रिम फिल्ड कार्यतालिका बनाई सम्बन्धित फिल्डमा खटिनुपर्नेछ ।

(ख) कार्यतालिका बनाउँदा आमा समूहको मासिक बैठक र महिला स्वास्थ्य स्वयं सेविकाको मासिक बैठकमा अनिवार्य उपस्थित हुने र पूर्णरुपमा छलफलमा सहभागी हुने गरी समेत बनाई अनिवार्य कार्यान्वयन गर्नुपर्नेछ । साथै निस्कृय आमा समूहलाई सकृय बनाउन पहल गर्नुपर्नेछ ।

(ग) रोभिङ्ग अ.न.मी. महिनामा कम्तिमा २१ (अनिवार्य) दिन घरभेटका लागी फिल्डमा खटिइनु पर्नेछ। बाँकि दिनहरुमा सम्बन्धित स्वास्थ्य संस्थामा गई अभिलेख तथा प्रतिवेदन गर्नुपर्नेछ र महिनाभरिको क्रियाकलापको छलफल समेत गर्नुपर्नेछ । सार्बजनिक बिदाको दिन छुट्टी पाउनेछ ।

(घ) पहिलो महिना घरभेट जाँदा तोकिएको क्षेत्रको घरधुरी लिस्ट तथा अन्य विवरण (परिवारका सदस्यहरुको विवरण) लिनुपर्नेछ र सोहि आधारमा आगामी महिनाको भ्रमण योजना बनाउनु पर्नेछ । भ्रमण योजना तालिका तल दिईएको छ ।

(ङ) रोभिङ्ग अ.न.मी. मार्फत लक्षित समुदायका महिला र पुरुषहरुलाई (बराबर सहभागिता मुलक) परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण, खोप, बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम लगायतका आधारभूत स्वास्थ्य सेवाको प्रयोग, ज्ञानमा अभिवृद्धि गर्न सचेतना कक्षा(session) सञ्चालन गर्नु पर्नेछ।एउटा समुदायमा कति सेसन सञ्चालन गर्ने भन्ने कुरा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी निर्धारण गर्नुपर्नेछ ।

(च) स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाको बारेमा समुदायलाई जानकारी दिने ।

(छ) रोभिङ्ग अ.न.मी.ले लक्षित समुदायका घर घरमा (Household visit) गइ निम्न स्वास्थ्य सेवा लिएको वा नलिएको तथ्य पत्ता लगाउने र नलिएको पाएमा कारण पत्ता लगाई लिन प्रोत्साहित गर्ने ।



निमित सचिव

(ज) परामर्श (Counselling)

१. **परिवार नियोजनः-** (क) छोटो अवधिका जस्तैः कण्डम, पिल्स, डिपो-प्रोभेरा

(ख) लामो अवधिका साधन इम्प्लान्ट र IUCD

(ग) स्थायी बन्ध्याकरण (महिलाको लागी मिनिल्याप र पुरुषको लागी भ्यासेक्टोमी)

२. **सुरक्षित मातृत्वः-** सुनौला १००० दिनका आमाहरुको हेरचाह तथा स्याहार, कम्तीमा ४ पटक गर्भजाँच, TD खोप, आइरन चक्की, जुकाको औषधि, भिटामिन 'ए', गर्भवती र सुत्केरी महिलाको पाखुराको मुवाक (MUAC) जाँच, सुत्केरी जाँच २४ घण्टाभित्र, तेश्रो दिन र सातौं दिनमा (कम्तिमा ३ पटक), Birth Preparedness and Complication Readiness

३. **पोषणः-** ५ बर्षभन्दा मुनिका बच्चाहरुको पाखुराको जाँच मुवाक (MUAC), बृद्दि अनुगमन तथा सुपोषणका लागी परामर्श, सुनौला १००० दिनका आमा तथा बच्चाहरुलाई स्तनपान, पोषणबारे ब्यवहारिक शिक्षा

४. **खोपः-** खोप नियमित र पूर्ण रुपमा लगाएको वा नलगाएको र खोपको बारेमा कहाँ, कहिले लगाउने पूर्ण जानकारी दिने,

५. **बाल स्वास्थ्यः-** बालबालिकाहरुको स्वास्थ्य र अस्वस्थताको पहिचान गरी आवश्यक परामर्श दिने,

६. **प्रजनन स्वास्थ्यः-** किशोर-किशोरीहरुको स्वास्थ्य तथा यस अवस्थामा हुने परिवर्तनहरु र त्यसको व्यवस्थापन जस्तैः महिनावारी सरसफाई, यौन रोग तथा प्रजनन नलीमा हुने संक्रमण, बाझोपन र त्यसको रोकथाम तथा उपचार, सुरक्षित गर्भपतन, आङ खस्ने समस्याको रोकथामका लागी परामर्श

७. व्यक्तिगत तथा वातावरणीय सरसफाईः- नियमित सरसफाइको अनुगमन तथा पृष्ठपोषण दिने ।

८. समुदायमा अखाद्य बस्तु, पत्रु खाद्य (जंक फूड) को प्रयोगमा नियन्त्रण, स्वच्छ खानेपानी, महिला पुरुष मैत्री शौचालय लगायतका स्वस्थ वातावरण भए नभएको सुनिश्चितता गर्ने र आवश्यक पृष्ठपोषण दिने ।

९. रोभिङ्ग अ.न.मी.ले समुदायसँगको संयुक्त साझेदारीमा स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन गर्नुपर्नेछ :-

(अ) बालबालिका तथा महिला उपर हुने लैङ्गिक तथा यौनजन्य हिंसा न्यूनीकरण र ब्यबस्थापन सम्बन्धि शिक्षा,

(आ) शारीरिक र मानसिक स्वास्थ्य शिक्षा,

(इ) धुम्रपान, मध्यपान र सुर्तीजन्य पदार्थको दुरुपयोग न्यूनीकरण,

(ई) नसर्ने रोगको रोकथाम सम्बन्धि क्रियाकलाप,

(उ) अभिभावक तथा समुदाय स्वास्थ्य शिक्षा,

१०. संक्रमण रोकथामका बारेमा उचित परामर्श प्रदान गर्ने ।

निमित्त सचिव

११. नियमित रुपमा स्वस्थ जीवनशैलीसँग सम्बन्धित बिषयमा समुदायलाई जानकारी गराउने र त्यसको नियमन गर्ने व्यवस्था मिलाउने ।

(झ) **परीक्षण तथा प्राथमिक उपचार**

१. **परिवार नियोजनः**- छोटो अवधिका जस्तैः कण्डम, पिल्स, डिपो-प्रोभेरा

२. **सुरक्षित मातृत्वः**- कम्तीमा ४ पटक (४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा) गर्भ जाँच, आइरन चक्की, जुकाको औषधि, भिटामिन 'ए', गर्भवती र सुत्केरी महिलाको पाखुराको मुवाक (MUAC) जाँच, सुत्केरी जाँच २४ घण्टाभित्र, तेश्रो दिन र सातौं दिनमा (कम्तिमा ३ पटक)

३. **पोषणः**- ५ बर्षभन्दा मुनिका बच्चाहरुको पाखुराको जाँच (मुवाक/MUAC) गर्ने, बृद्दि अनुगमन गर्ने, बालभिटा वितरण, अति शिघ्र कुपोषणको उपचारका पोषण पुनर्स्थापना केन्द्रमा प्रेषण गर्ने,

४. **खोपः**- खोप नियमित र पूर्णरुपमा लगाएको वा नलगाएको परिक्षण गर्ने,

५. **बाल स्वास्थ्यः**- बालबालिकाहरुको स्वास्थ्य र अस्वस्थताको पहिचान गरी आवश्यक प्राथमिक उपचार,

६. **प्रजनन स्वास्थ्यः**- किशोर-किशोरीहरुको स्वास्थ्य तथा यस अवस्थामा हुने परिबर्तनहरु र त्यसको व्यवस्थापन जस्तैः महिनावारी सरसफाई, यौन रोग तथा प्रजनन नलीमा हुने संक्रमण, बाझोपन र त्यसको रोकथाम, आङ खस्ने समस्याको रोकथाम तथा प्रारम्भिक व्यवस्थापनका लागी किगल्स अभ्यास (kegal's exercise), आबश्यकतानुसार र सम्भव भएसम्म रिंग पेसरी राख्ने,

७. **आधारभूत स्वास्थ्य सेवाः**- vital signs जाँच गर्ने, उपलब्ध भए रगतमा वा पिसाबमा चिनीको मात्रा हेर्ने,

८. प्राथमिक उपचारको व्यवस्था,

९. संक्रमण रोकथामका उपाय अपनाएर दिनुपर्ने स्वास्थ्य सेवाको हकमा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी स्वीकृती लिएर मात्र संक्रमण रोकथाम(infection prevention) को सुनिश्चितता गरेर मात्र सेवा प्रदान गर्नु पर्नेछ ।

(ञ) नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य सेवासंग सम्बन्धित अन्य आवश्यक कृयाकलाप गर्ने तथा गराउने,

(ट) स्वास्थ्य संग सम्बन्धित बिषयका अध्ययन तथा अनुसन्धानमा सहभागी हुने वा गर्ने,

(ठ) गरेका कामहरुको अनुसूची-१० बमोजिम अभिलेख राख्ने र अनुसूची-८(क) र अनुसूची -८(ख) बमोजिम मासिक प्रतिवेदन गर्ने ।



निमित्त सचिव

अनुसूची -७
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

करार नियुक्ति पत्रको ढाँचा

च.नं. मितिः
प.सं.

श्री ..........................................
ठेगाना ..........................

विषयः करार नियुक्ति सम्बन्धमा ।

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सिफारिस गरीए बमोजिम रोभिङ्ग अ.न.मी. पदका लागी यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा नियुक्ति गरीएको छ । उक्त पदमा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा प्रचलित कानून वमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

......................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ३

२. श्री स्वास्थ्य निर्देशनालय, प्रदेश नं. ३: आवश्यक अनुगमन तथा सुपरिवेक्षणको लागी ।

३. ..... स्वास्थ्य कार्यालय : आवश्यक सहयोग एवं समन्वय गरीदिनु हुन ।

निमित्त सचिव

# अनुसूची -८(क)

(दफा ९ को उपदफा (३) र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

रोभिङ्ग अ.न.मी.को मासिक प्रतिवेदन फाराम

**फिल्ड तालिका एवं संक्षिप्त सेवा विवरण**

रोभिङ्ग अ.न.मी.को फिल्ड तालिकाको नमुना

---

स्थानीय तहको नामः                स्वास्थ्य संस्था :

रोभीङ्ग अ.न.मी.को नाम :                महिना :

घरभेटका लागी फिल्ड जानुपर्ने टोल/क्लसटरहरु :

१)..........................२)..........................३)..........................

४)..........................५)..........................६) ..........................

| क्र. सं. | गते | वडा, क्लसटर नं | घर नं | सेवा दिइएको: कण्डम(१), पिल्स(२), डिपो(३), गर्भवती जाँच(४), आइरन(५), जुकाको औषधि(६), भिटामिन ए(७), PNC Visit(८), MUAC(९), बालभीटा(१०), बृद्दि अनुगमन(११), खोप परामर्श(१२), बाल स्वास्थ्य(१३), किशोरकिशोरी(१४), किगल्स अभ्यास(१५), रिंग पेसरी(१६), Vital sign(१७), रगत चिनीको मात्रा(१८), पिसाबमा चिनीको मात्रा(१९), प्रेषण(२०), अन्य (२१) भए खुलाउने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

एक जना सेवाग्राहीलाई १ भन्दा बढी सेवा दिएमा सो सेवाग्राही एक भन्दा बढी सेवामा पनि गणना गर्न सकिनेछ ।

| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| ...................... | .................... | ............................ |
| अ.न.मी. | स्वास्थ्य संस्था प्रमुख | स्थानीय तह स्वास्थ्य प्रमुख |

## अनुसूची-८(ख)

(दफा ९ को उपदफा (३) र दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

रोभिङ्ग अ.न.मी.को मासिक प्रतिवेदन फाराम

**वर्गीकृत सेवा विवरण**

स्थानीय तहको नामः आ.व.:

रोभिङ्ग अ.न.मी.को नाम र हस्ताक्षरः महिनाः

खटिएको वडाः

| क्र. सं. | टोलको नाम | सेवाग्राहीको विवरण (संख्यामा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | गर्भवती | सुत्केरी | ५ वर्ष मुनिका बालबालिका | अल्पसंख्यक, लोपोन्मुख , सीमान्तकृत र अतिसीमान्तकृत | जम्मा सेवाग्राही | कैफियत |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| कुल | | | | | | | | | |

महिनाभरीको मुख्य उपलब्धीः

मुख्य समस्याः

समाधानको उपायः

निमित्त सचिव

अनुसूची

(दफा ९ को उपदफा ([illegible]) सँग सम्बन्धित)

<u>रोभिङ्ग अ.न.मी. कार्यक्रम सञ्चालनार्थ आवश्यक पूर्वाधार</u>

रोभिङ्ग अ.न.मी.ले सेवा दिनका लागी आवस्यक औषधी तथा औषधीजन्य सामग्रीहरु र अन्य सामग्रीहरु:

- Head light
- BP सेट(Adult, Pediatric), Digital thermometer
- Dressing सेट, Bandage, Splint
- First Aid Kit with basic medicine, First Aid chart
- Weighing Scale
- Measuring tape, MUAC Tapes (Adult and Peadiatric)
- Anatomical chart of Reproductive System
- Glucometer
- WHO Decision Making Tool (DMT/MEC Wheel) for family planning
- Referal Slip, Service Register (अनुसूची-९), Reporting formats: अनुसूची-१०(क) र अनुसूची-१०(ख)
- स्वास्थ्य शिक्षा, सुचना र संचार सामग्री (IEC Material)- जीवन सुरक्षा फ्लिप चार्ट (danger signs of pregnant, postnatal mothers and under 5 children, birth preparedness)
- हात धुने साबुन, Sanitizer
- छाता, ब्याग, परिचयपत्र
- सिलिकन रिंग पेसरी
- Iron tablets, Albendazole, Vitamin A, Pills, and Depo-provera तथा अन्य औषधी एवं औषधीजन्य सामग्री (सम्बन्धित स्थानीय तहको सहयोगमा स्वास्थ्य संस्थाले व्यवस्थापन गर्ने)

नोटः सेवा र आवश्यकता अनुसार सामाग्रीहरु थप गर्न सकिने।

निमित्त सचिव

अनुसूची -१०

(दफा ११ को उपदफा (१) बमोजिम)

रोभिङ्ग अ.न.मी. सेवा रजिस्टर

आ. व.: महिनाः

| क्र. सं | मिती | ठेगाना | | | सेवाग्राहीको नाम | उमेर/ लिंग | मोबाइल नं | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं | टोल | घर नं | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |



निमित्त सचिव